International Research Journal of MMC (IRJMMC) Open Access
*Volume 4*(1), 2023 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# 'प्रिय मौनता' कविता सङ्ग्रहमा कामसूत्रको प्रभाव

## (The effect of Kamasutra on 'Priya Maunta' poetry collection)

**Ghanshyam Ghimire[1*], Nira Sharma[2]**
[1]Ph.D. Scholar, Nepal Sanskrit University
Lecturer of Nepali, Makawanpur Multiple Campus, Hetauda
[2]Lecturer of Nepali, Makawanpur Multiple Campus, Hetauda
Email: sharmanira30@gmail.com
*Corresponding Author: gshyamghimire420@gmail.com

**Citation:** Ghimire, G., & Sharma, N. (2023). 'प्रिय मौनता' कविता सङ्ग्रहमा कामसूत्रको प्रभाव] The effect of Kamasutra on 'Priya Maunta' poetry collection]. *International Research Journal of MMC, 4*(1), 36–43. https://doi.org/10.3126/irjmmc.v4i1.51858

This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.

**लेखसार**

*प्रस्तुत अनुसन्धनात्मक लेखमा नेत्र एटमको 'प्रिय मौनता' कविता सङ्ग्रहलाई पाठका रुपमा लिई त्यसमा प्रयुक्त कामशास्त्रीय मान्यताका शृङ्गारिकता र काम एवम् मन सिद्धान्तका आधारमा विश्लेषण र मूल्याङ्कन गरेर उक्त कविता सङ्ग्रहमा कामसूत्रको प्रभाव केकस्तो छ भनेर निष्कर्ष निकालिएको छ । प्रेम, प्रणय र आकर्षणलाई मुख्य विषय बनाइएको यस कविता सङ्ग्रहको प्रणयको प्यासन र प्रमुदित प्रकृति खण्डमा यौन सन्दर्भहरू प्रशस्त रुपमा आएका छन् । शृङ्गारिकताअन्तर्गत विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावका साथै काम एवम् मनको सन्दर्भ पनि सशक्त रुपमा प्रयोग भएको छ । 'म' पात्र अर्थात कविले आफ्नो कल्पनाका माध्यमबाट विभिन्न प्रेमिकाहरूसँग प्रेमसुख प्राप्त गरेको सन्दर्भमा सम्भोग शृङ्गारको प्रयोग भएको, कवि पात्र प्रेमिकाहरूसँग बिछोडिनुपरेको सन्दर्भमा विप्रलम्व शृङ्गारको प्रयोग भएको, 'म'पात्र वा कविले यौनसुखको कल्पना गरेको सन्दर्भमा शृङ्गार सामग्रीका साथै प्राक्रियाको प्रयोग भएको, प्रेमप्राप्ति हुँदा मन आनन्दित भएको तर प्रेमिकासँग वियोग हुँदा मन सुखी नभएको प्रसङ्गलाई विषय बनाइएको यस उपन्यासमा वात्सायनको कामसूत्रको प्रभाव रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**Abstract**

*Writers In the research article presented by Netra Atom's 'Priya Maunta' poetry collection as a text, by analyzing and evaluating the beauty of kamasastra principles used in it and the effect of Kamasutra on the said poetry collection It has been concluded that. Love, romance and attraction are the main themes of this collection of poems, and there are plenty of sexual references in the passion of romance and the popular nature section. In the context of beauty, feelings, feelings, promiscuity and permanence, as well as work and mind, have been strongly used. 'M' character i.e. the poet using his imagination to have sexual pleasure with different girlfriends. It has been concluded that Vatsayana's Kamasutra has been influenced in this novel, which deals with the case of being happy but not happy when parting with a girlfriend.*

**शब्दकुञ्जी**: प्रणय, वासना, प्रमुदित, सौम्यता, मौनता ।

**Key Words:** Romance, Lust, Delight, Genteleness, Silence

## १. विषय परिचय

नेत्र एटम (दाङ) नेपाली भाषासाहित्यको क्षेत्रमा सक्रिय नाम हो । नेपाली समालोचनाका साथै गीत, कविता, निबन्धका क्षेत्रमा कलम चलाइरहेका उनले काव्य क्षेत्रमा समेत सक्रिय रहने क्रममा 'प्रिय मौनता' (२०७७) उपासना कविता नाम दिएर कवितात्मक पुस्तक प्रकाशनमा ल्याएका छन् । उपासना, समर्पण र चिन्तनसहित आएको फरक

विषयसँग सम्बन्धित यस कृतिले प्रेम, समर्पण र सामाजिक चिन्तनको विषय एवम् भावलाई प्रणयको प्यासन, प्रमुदित प्रकृति, अभीप्साको उद्बोदन, स्मृतिको क्याराभान र उपासनाको आलोक गरी पाँचवटा खण्डमा प्रस्तुत गरिएको छ। यी खण्डहरूमध्ये पनि पहिलो खण्डका रुपमा रहेको प्रणयको प्यासन र दोस्रो खण्डका रुपमा रहेको प्रमुदित प्रकृति शीर्षकमा सङ्ग्रहित कविताहरूमा प्रेम प्रणयका विषयहरू समेटिएका छन्।

महर्षि वात्स्यायन(पहिलो शताव्दीतिर)द्धारा लेखिएको कामसूत्रलाई कोकशास्त्र, वात्स्यायनसूत्र पनि भनिएको पाइन्छ। कामसूत्र विश्वप्रसिद्ध प्राचीन कामशास्त्र हो। जसलाई विश्वकै पहिलो यौनसंहिता मानिन्छ। कामसूत्रमा सात भाग(अधिकरण), छत्तीस अध्याय र चौसठ्ठी प्रकरणमा बाँडिएर एक हजार दुई सय पचास सूत्र रहेका छन्। आलिङ्गन, चुम्बन, स्पर्श, दाँत र नङ्गको प्रयोग, सित्कार र यौन अङ्गको आधारमा स्त्री र पुरुषको वर्गीकरण, स्त्री र पुरुषमा हुनुपर्ने चौसठ्ठी कला, वर्जित सम्बन्धमा स्वीकृत सम्बन्धदेखि कामक्रियाको समयमा अपनाउनु पर्ने विधिका बारेमा समेत वर्णन गरिएको छ। कामसूत्रको नाम हिन्दूहरूको यौनदेवता कामदेवबाट प्रेरित भएर राखिएको छ। कामसूत्रको पहिलो सूत्रमा नै त्रिवर्गका फलहरूमा धर्म, अर्थ र कामका बारे चर्चा गर्दै काम अर्थात् वासना विषयको व्याख्याका साथ यसको महत्व उल्लेख गरी कामसूत्रको थालनी गरिएको छ। यस ग्रन्थमा कामका नियमहरू बताउदै केकस्ता उपायहरू अपनाउन सकियो भने यौनजीवन सुखमय हुन सक्छ भन्ने विषय प्रस्तुत गरिएको छ। समलिङ्गी तथा विपरीत लिङ्गीबीचको आकर्षणलाई व्याख्या गर्दै स्त्री र पुरुषबीचको सम्भोगकार्यलाई अझ रुचिपूर्ण बनाउने कलाको सूत्र वात्स्यायनले उल्लेख गरेका छन्। कतिपय परिच्छेदका कतिपय सूत्रहरूमा समलिङ्गी सम्बन्धको समेत व्याख्या गरिएको छ। वात्स्यायनले चारवर्ग फलप्राप्तिलाई शरीर,वुद्धि,मन र आत्मासँग अन्तरसम्बन्धित बनाएर उल्लेख गरेका छन्। धर्म शरीरसँग, वुद्धि अर्थसँग, मन कामसँग र आत्मा मोक्षसँग सम्बन्धित हुने भएअनुसार मानवमनको सम्बन्धलाई काम वा वासनासँग जोडेर वात्स्यायनले कामसूत्र तयार गरेको देखिन्छ। प्रेमी र प्रेमिकाबीचको आकर्षण, विकर्षण र वियोगका साथै प्रकृति र मान्छेबीचको प्रेममय सम्बन्धलाई समेत कलात्मक प्रयोग गरिएको यस काव्यकृतिमा वात्सायनको कामसूत्रको प्रभाव केकस्तो छ भन्ने कुराको खोजी गर्दै कामसूत्रको प्रभावका आधारमा प्रिय मौनता उपासना कविताको विश्लेषण गर्नु नै यस लेखको उद्देश्य हो।

## २. अध्ययनको विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धानमा आधारित छ। यस अनुसन्धानमूलक लेखमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। अनुसन्धेय काव्यकृति र त्यससँग सम्बन्धित सन्दर्भसामग्री सङ्कलनका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ। प्रस्तुत लेखमा प्रिय मौनता काव्यकृतिलाई प्राथमिक सामग्रीका रुपमा उपयोग गरिएको छ भने यस काव्यकृतिसँग सम्बन्धित समीक्षा, विश्लेषण एवम् कामसूत्रसँग सम्बन्धित सामग्रीहरूलाई द्वितीयक सामग्रीका रुपमा प्रयोग गरिएको छ।

## ३. विश्लेषणको सैद्धान्तिक पर्याधार

वात्स्यायनले पूर्वीय वाङ्मयका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन्। विश्वमा नै सम्भोगकलासँग सम्बन्धित प्राचीनतम् ग्रन्थ 'कामसूत्र' (पहिलो शताब्दीतिर) ले यौन चाहना, यौन आसन, यौन आवश्यकता आदिका बारेमा चर्चा गर्ने क्रममा साहित्यिक मूल्यलाई पनि प्रत्यक्ष वा परोक्ष रुपमा सङ्केत गरेको पाइन्छ। त्यही सङ्केतका आधारमा सैद्धान्तिक आधार निर्माण गर्न सकिन्छ। कामसूत्रको पहिलो सूत्रमा नै त्रिवर्ग अर्थात् धर्म, अर्थ र कामका बारे उल्लेख गरिएको छ। 'काम'को विशद् व्याख्या गर्नुलाई नै यस कृतिको उद्देश्य मानिएको छ। काम रतिसँग सम्बन्धित छ। 'रति' शृङ्गार रसको स्थायीभाव हो। संस्कृत साहित्य सिद्धान्तको परम्परामा रसका बारेमा आचार्य भरत (इस्वीको पहिलो शताब्दी)बाट नै व्यापक बहस हुँदै आएको पाइनुका साथै यो स्थापित सिद्धान्त समेत हो। "………बरु भरतको नाट्यशास्त्रम्भन्दा अगाडिको वात्स्यायनको कामसूत्रबाटै रसको शास्त्रीय चिन्तन आरम्भ भएको मानिन्छ" (नगेन्द्र,सन् १९८७,पृ.८)। यसबाट पनि भरतको 'नाट्यशास्त्रम्' भन्दा अगाडि कामसूत्र लेखिएको र कामसूत्रमा नवरसमध्ये शृङ्गार रसका बारे सैद्धान्तिक व्यख्या भएको विषय स्पष्ट छ। त्यसैगरी वैचारिक चिन्तनका दृष्टिकोणका अनुसार पनि त्रिवर्गको चर्चा ( कामसूत्र.१/१/१ ) गर्ने क्रममा पनि केही सङ्केत पाइन्छ।

नवरस मध्येको शृङ्गार रसको स्थायी भाव ‘रति’लाई कामसूत्रमा मुख्य विषय बनाइएको छ । स्त्री र पुरुषका बीचको शारीरिक सम्बन्धलाई कसरी उत्कृष्ट बनाउन सकिन्छ भन्ने मुख्य विषयसँग यो कृति सम्बन्धित छ । जवानी अवस्था ( १६– १७ वर्ष) मा नै कामप्रवृत्त हुनुपर्छ (कामसूत्र,१/२/३) भन्दै कामक्रीडाका लागि व्यक्तिको उमेर निर्धारण गरिएको अनि कान, छाला, जिब्रो र नाक गरी पाँच इन्द्रियको इच्छा अनुसार शब्द, स्पर्श रुप, रस र गन्ध आफ्नो विषयमा प्रवृत्त हुनु नै काम हो, काम इन्द्रियको प्रवृत्त हो (कामसूत्र १/२/११) भनेर कामका बारे दृष्टिकोण प्रस्तुत गरिएको छ । यही काम वा रतिलाई साहित्यिक सिद्धान्तका सन्दर्भमा शृङ्गार रससँग जोडिएको छ । ‘रस विधान या निर्माण गर्ने तत्त्वलाई रस विधायक तत्व भनिन्छ (पौडेल, २०५७,पृ.११६) । यसैलाई रस सामाग्री वा रसका अङ्ग पनि भनिएको पाइन्छ । कामसूत्रमा ‘काम’ को विशद् व्याख्या गर्ने क्रममा शृङ्गार रसका सामाग्रीहरूको उदाहरण र प्रयोगसहित व्याख्या भएको छ ।

शृङ्गार रसको स्थायी भाव रति वा काम हो । मानवीय चित्तवृत्ति या मनको विकारलाई भाव भनिन्छ । यस्तो भाव सहृदयीको हृदयमा स्थिर या साँस्कृतिक वासनाका रुपमा रह्यो भने त्यसलाई स्थायी भाव भनिन्छ (पौडेल,२५७,पृ.११६) । रति वा काम वासनाका रुपमा रहेको अवस्था नै शृङ्गारिकरता हो । वात्सायनको कामसूत्रको आधारमा साहित्यिक विश्लेषण गर्दा शृङ्गार रसप्रधान वा यौन प्रधान रचनामा रति वा काम के कसरी प्रस्तुत भएको छ भन्ने कुराको अध्ययन स्थायी भावको पहिचानबाट गर्न सकिन्छ ।

जसले आस्वादनीय भावको प्रस्फुटन गराउँछ, त्यो विभाव हो या सहृदयीको हृदयमा रहेको स्थायी भावरुपी आस्वादनीय भावको अङ्कुर उमार्ने तत्त्व विभाव हो (विश्वनाथ,१९८२,३/२९) । भावलाई पाठक वा दर्शकसम्म पुर्याउनका निम्ति कल्पित विषभवस्तु, पात्र, उसका चेष्टा, पात्रले व्यक्त गर्ने स्थान, समय जस्ता कुरा विभावका रुपमा चिनिन्छन् । यस्तो विभाव पनि आलम्वन विभाव र उद्दीपन विभाव गरी दुई किसिमका हुन्छन् । जसका सहायताबाट सहृदयीको हृदयमा रहेको रति आदि स्थायी भाव उद्बुद्ध हुन्छ, त्यसलाई आलम्वन विभाव भनिन्छ । सामान्यतः कृतिका पात्रहरू या नायक नायिकाहरू आलम्वन विभाव हुन्छन् (विश्वनाथ,१९८२,३/२९) । आलम्वन विभाव पनि विषय र आश्रय गरी दुई किसिमका हुन्छन् । अभिज्ञान शाकुन्तल नाटकमा शकुन्तला विषय हो भने दुष्यन्त आश्रय हो । जसलाई देखेर पात्रमा भाव अङ्कुरित हुन्छ, त्यो विषय हो भने जसमा भाव अङ्कुरित हुन्छ त्यो आश्रय हो । त्यसैगरी आलम्वन विभावले उद्बुद्ध तुल्याएको स्थायी भावलाई जसले उद्दीप्त तुल्याउँछ, त्यसलाई उद्दीपन विभाव भनिन्छ (विश्वनाथ, १९८,३/१३१) । वात्सायनको कामसूत्रमा शृङ्गार रसका लागि अर्थात् सम्भोग सुखका लागि आवश्यक पर्ने विभावका बारे व्यापक चर्चा भएको छ । आलम्वन विभाव अन्तर्गत नायक, नायिका, नायक सहयोगी, दूतदूती, सौता, किन्नर, विदूषक लगायतको चर्चा भएको छ । विशेषगरी कामसूत्रको १/५/३ मा नायिकाको भेद, १/४/३३ मा विदूष्कको चर्चा, २/१/१ मा लिङ्ग र यौनीका आधारमा नायक र नायिकाको भेद लगायतका सन्दर्भमा आलम्वन विभाव अन्तर्गत पनि विषय र आश्रयको व्याख्या भेटिन्छ । त्यसैगरी उद्दीपन विभावको व्याख्या पनि शृङ्गार रस अनुकुल हुनेगरी व्यापक रुपमा भएको पाइन्छ । कामसूत्रको १/३/१५ मा चौसठ्ठी कलाका बारे उल्लेख गर्ने क्रममा उद्दीपन विभाव अन्तर्गत बाह्य चेष्टा र बाह्य वातावरणका बारे चर्चा भएको छ ।

रति आदि स्थायी भावलाई विभावले उद्बुद्ध र उद्दीप्त तुल्याइ सकेपछि आश्रय आलम्वनमा देखिने कार्यचेष्टा अनुभाव हो । यसले स्थायी भावलाई रसरुपमा अनुभव गराउन थाल्छ । विश्वनाथले अनुभावलाई हृदयमा उद्बुद्ध रतिआदि भावहरूको बाहिरी प्रकाशन मानेका छन् (१९८२,३/१३२) । अनुभाव पनि बाह्य अनुभाव र आन्तरिक अनुभाव गरी दुई किसिमको हुन्छ । बाह्य अनुभाव अन्तर्गत आङ्गिक, वाचिक र आहार्य गरी तीन भेद छन् । मनको भावनालाई शारीरिक अङ्ग सञ्चालनद्वारा प्रकट गर्नु आङ्गिक अनुभाव हो । त्यही भावनालाई बोलीले प्रकट गर्नु वाचिक अनुभाव हो । त्यही भावनालाई भेष, भुषा, अलङ्कार, साजसज्जा आदिले अभिनयमूलक ढङ्गमा प्रकट गर्नु आहार्य हो । त्यसैगरी आश्रय आलम्वनले विशेष प्रयत्न नगरिकनै प्रकट हुने अनुभाव आन्तरिक अनुभाव हुन् । स्वतः प्रकटित हुने हुँदा यसलाई अयत्नज अनुभाव पनि भनिन्छ । यस्तै यतिखेर व्यक्तिमा रजो र तमो गुण तिरोहित भई सत्व गुणको प्रबलता रहने हुँदा

यसलाई सात्विक भाव या सात्विक अनुभाव पनि भनिन्छ । यसका पनि स्तम्भ (चेष्टाशून्य हुनु), स्वेद (पसिना आउनु), रोमाञ्च (खुसी वा डरले रोमाञ्चित हुनु), स्वरभङ्ग (स्वर लकपकाउनु), वेपथु (थरथरी काप्नु), वैवर्ण्य (अनुहार विग्रनु), अश्रु (आँसु झार्नु) र प्रलय (मूर्छित हुनु) गरी आठ भेद छन् । वात्सायनको कामसूत्रमा शृङ्गार रस अनुकूल हुनेगरी बाह्य अनुभाव अन्तर्गत व्यापक चर्चा भएको पाइन्छ । विशेषगरी बाह्य अनुभाव अन्तर्गत नायिका नायकले गर्ने शृङ्गार, पहिरन, बोली, व्यवहार, हाउभाउ आदिको सूत्रमा चौसट्ठी कलाको व्यख्या गर्नेक्रममा बाजा बजाउने, नाच्ने, शरीर, कपडा र दाँतमा रङ्ग चढाउने, वस्त्रालङ्कार सजाउने, हातको सफाइ, शरीरको मालिस गर्ने, कपडा लगाउने कौशल, द्यूतक्रीडाको कौशल, व्यायाम विद्या लगायतको चर्चा गर्ने क्रममा उल्लेख भएको छ । त्यसैगरी प्रक्रिया अन्तर्गत २।१०।३९ सूत्रमा स्पर्श, चुम्बन, ओठ, गन्ध, हास्यव्यङ्य, आवाज र नजरको चर्चा गर्ने क्रममा आलिङ्गन, चुम्बन, नङ गाड्ने, दाँत गाड्ने लगायतको व्याख्या गर्ने क्रममा प्रेम अभ्यास, विचार, सम्झना र कामबाट प्राप्त हुन्छ (कामसूत्र,२।१।३९) ।

अस्थिर, चलायमान वा सञ्चरणशील भावलाई व्यभिचारी वा सञ्चारी भाव भनिन्छ । जलतरङ्ग जस्तै यो अस्थिर मनोविकार या चित्तवृत्तिका रुपमा विषय र आश्रय दुवै आलम्वनमा रहन्छ । अनेक स्थायी भावहरूमा जोडिएर रसनिष्पत्तिका निम्ति सहयोग गर्ने भाव नै सञ्चारी हुन् (गड्तौला,२०७७,पृ.४७) । सञ्चारी भाव अनन्त हुने भए पनि मोटामोटी रुपमा निर्वेद (तत्वज्ञानपछि हुने सांसारिक संलग्नताको पछुतो बोध), आवेग (हर्षवा डरका कारण आवेशमा आउनु), दैन्य (दुखको भाव), श्रम (थकावट), मद (सम्मोहन), जडता (संज्ञाशून्य स्थिति), उग्रता (उत्ताउलो स्थिति), (मोह आशक्ति), विवोध (निद्रा नपर्नु), अपरस्भार (आवेगका कारण उत्पन्न एक किसिमको विक्षिप्त वा मिरगी रोग), स्वप्न, गर्व, मरण (मृत्युपूर्व वृत्ति), अवहित्था (भय, गौरव, लज्जा आदिका कारण हर्ष छिपाउँदाको आकृति), उत्सुकता, उन्माद (विप्लवको भाव), शङ्का मति (भ्रम निवारण वा ज्ञान), व्याधि (शारीरिक मानसिक रोग), सन्त्रास (आकस्मिक भय) लज्जा, हर्ष, असूया (अरुको गुण वा समृद्धि सहन नगर्ने प्रवृत्ति), विषाद, धृति (तत्वज्ञान तथा इष्टप्राप्ति आदि कारणहरूद्धारा इच्छा पूर्ण हुनु), चपलता (चञ्चलता), ग्लानि (चिन्ता आदि जन्म विकलता), चिन्ता, वितर्क (सन्देहका कारण उत्पन्न विचार), निद्रा र स्मृति गरी तेत्तीस किसिमका छन् । वात्सायनको कामसूत्रमा पनि यी सञ्चारी भावहरूको सैद्धान्तिक एवम् प्रायोगिक उपस्थिति भेटिन्छ । सञ्चारी भावका तेत्तीस प्रकारहरूमध्ये शृङ्गार रसलाई अनुकूल हुनेगरी कामसूत्रको १।५।१३ सूत्रमा शङ्का सञ्चारीभाव, ३।३।२६ सूत्रमा लज्जा सञ्चारी भाव, २।८।६ सूत्रमा श्रम र लज्जा सञ्चारीभाव, २।१०।२८ सूत्रमा आवेग, १।८।१७ सूत्रमा ग्लानि, २।७।१५ सूत्रमा श्रम, ६।२।६४ सूत्रमा स्मृति, २।१०।२७ सूत्रमा अमर्ष, ३।३।२७ सूत्रमा ब्रीडा (लज्जा) जस्ता सञ्चारी भावको प्रयोग पाइन्छ । सञ्चारीभावहरूको स्वाभाविक प्रयोगबाट रस उत्पादनमा उत्कृष्टता प्राप्त हुन्छ भन्ने मान्यताका साथ यस कामसूत्रमा पनि स्त्री र पुरुषका बीच कामसुख प्राप्तिका लागि विभिन्न किसिमका सञ्चारीभावको प्रयोग हुनुपर्छ भन्ने मान्यता राखिएको पाइन्छ । तिनै मान्यताहरूका आधारमा शृङ्गारिक रचनाको सैद्धान्तिक विश्लेषण गर्न सकिन्छ ।

शृङ्गार रस मूलतः सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार गरी दुई किसिमको हुन्छ । नायक नायिकाबीच मिलनको अवस्थालाई सम्भोग शृङ्गार भनिन्छ भने वियोगको अवस्थालाई विप्रलम्भ शृङ्गार भनिन्छ । वात्सायनको कामसूत्रमा मूलतः सम्भोग शृङ्गारको चर्चा गरिएको छ । यसका अधिकांश सूत्रहरु सम्भोग सुखलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन के गर्नुपर्छ भन्ने विषयसँग नै सम्बन्धित छन् । तर विप्रलम्भ शृङ्गारका बारेमा वा शृङ्गारको वियोगका अवस्थाका बारेमा पनि यथास्थानमा चर्चा भएको पाइन्छ । विषेशगरी नायिका र नायक छुट्टिएको अवस्थामा केकसरी प्रेम अभिव्यक्त गर्न सकिन्छ भन्ने सन्दर्भहरूमा चर्चा भएको छ । कामसूत्रको २।१०।२७, २८, २९, ३०, ३१, ३२, ३३ सूत्रमा 'प्रणयकलह' नाममा विप्रलम्भ शृङ्गारका बारे चर्चा भएको भेटिन्छ । यसमा कलहका प्रकारहरूको चर्चा गर्दै कलहका उत्पन्न कारणले उत्पन्न वियोग र यसको निवारणका बारे चर्चा भएको छ । त्यसैगरी ४।१।४२–४३ सूत्रमा, ६।२।६२–६६ सूत्रमा, ५।१।४–५, ५।१।३ लगायतका सूत्रहरूमा पनि शृङ्गारको विप्रलम्भ अवस्थाको चित्रण गर्दै वियोगबाट सम्भोगमा कसरी रुपान्तरण गर्न सकिन्छ भनेर व्याख्या गरिएको छ । कामसूत्रका यी सूत्रहरूमा भएका सिद्धान्त र प्रयोगका आधारमा विप्रलम्भ शृङ्गारसँग सम्बन्धित कृतिहरूको पनि विश्लेषण गर्न सकिन्छ । 'कामसूत्र' मूलतः काम भावना वा सम्भोग सुखसँग सम्बन्धित छ । कामसूत्रको पहिलो सूत्रमा 'धर्माथकामेभ्यो नमः' भनेर मङ्गलाचरण गरी धर्म,

अर्थ र काम अर्थात् त्रिवर्गप्रति नमनः गरेर शास्त्रको सुरुवात गरिएको छ । त्यतिमात्र होइन पहिलो अधिकरण अर्थात् साधारण अधिकरणको अध्याय दुईमा त्रिवर्गप्रतिप्रकरण शीर्षकमा धर्म्, अर्थ र कामका बारे विशद् चर्चा गरिएको छ । शास्त्रमा वर्णित चतुर्वगफल अन्तर्गत त्रिवर्ग अर्थात् धर्म, अर्थ र कामलाई लौकिक फलका रुपमा र मोक्षलाई अलौकिक फलका रुपमा सङ्केत गर्दै धर्म, अर्थ र कामका माध्यमले नै मोक्ष प्राप्ति हुन्छ । त्यसकारण मोक्ष प्राप्तिका लागि सर्वप्रथम त्रिवर्ग आवश्यक छ भन्ने तर्क उल्लेख छ । कामसूत्रको १।१।१–२ को सूत्रको जयमङ्गला टीकाअनुसार धर्मको सम्बन्ध बुद्धिसँग, अर्थको सम्बन्ध शरीरसँग, कामको सम्बन्ध मनसँग र मोक्षको सम्बन्ध आत्मासँग हुने उल्लेख छ । यस सन्दर्भ अनुसार कामसूत्रले काम वा रतिलाई मनसँग जोडेका छ । मनको प्रमुख आवश्यकता आनन्दसँग जोडिएको छ । मनको आनन्द नै रति वा काम हो भनी व्याख्या गरिएको छ । यस सन्दर्भलाई यसरी थप प्रष्ट पारिएको छः–

> काम एउटा महत्त्वपूर्ण मानसिक शक्ति हो । यो शक्ति भौतिक कार्यमा प्रकट भएर तथा अन्तस्करणका क्रियाहरूद्धारा अभिव्यक्त भएर दुई भागमा बाडिन्छ । यही शक्ति कहिले चैतन्यका रुपमा र कहिले भौतिक शक्तिका रुपमा प्रकट हुन्छ । ........मनको मूल वासनालाई नै मूल प्रवृत्ति भनिन्छ । समस्त वासना वा मूल प्रवृत्तिलाई यदि वर्गकरण गर्ने हो भने वित्तैषणा, दारैषणा र लोकैषणा गरी तीन भागमा बाँड्न सकिन्छ । धन,स्त्री,पुत्र र यश आदिको कामनाको मूल नै आनन्दको उपयोग हो । सबै प्रकारका वासना इच्छा वा प्रवृत्तिहरूको प्राण नै आनन्द हो ।"(शास्त्री, २०७५,पृ.७)

यसरी प्रस्तुत कथनले कामलाई मनको मूल प्रवृत्ति मानेको र त्यसको उद्देश्य आनन्दसँग जोडिएको उल्लेख छ ।

त्यसैगरी शास्त्रीले कामका बारे थप स्पष्ट गर्ने क्रममा "काम एक प्रवृत्ति हो जसले विषय र विषयीलाई एकात्मक बनाउँछ", "कामप्रवृत्ति विषय र आनन्दको इच्छाको पुरानो शक्ति हो",(२०७५,८) भनी उल्लेख गरेका छन् । आचार्य वात्सायनले कामको परिभाषा दिने क्रममा उल्लेख भएको निम्नानुसारको परिभाषा महत्वपूर्ण छ, .....अर्थात् आत्मा र संयुक्त मनबाट अधिष्ठित पाँच ज्ञानेन्द्रियका आफ्ना विषयमा जे अनुकूल प्रवृत्ति हुन्छ त्यही नै काम हो(शास्त्री,२०७५,पृ.११) । यस भनाइबाट त काम र मनबीचको सम्बन्ध एकै ठाउँ रहेको स्पष्ट छ । अझ यसो भनौं मनको आनन्द प्राप्तिको प्रमुख स्रोतका रुपमा काम वा रतिलाई लिनु पर्ने हुन्छ ।

यसरी वात्स्यायनको कामसूत्रबाट शृङ्गारिकता (विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभाव) एवम् काम र मनको सम्बन्धलाई मुख्य सैद्धान्तिक आधारका रुपमा स्वीकार गरी प्रस्तुत प्रिय मौनता कविता संग्रहमा संग्रहित कविताहरूको विश्लेषण गर्न सकिन्छ ।

**४. 'प्रिय मौनता' उपासना कविताको सन्दर्भ**

प्रिय मौनता कविता संग्रहमा संग्रहित कविताहरूलाई प्रणयको प्यासन, प्रमुदित प्रकृति, अभीप्साको उद्बोदन, स्मृतिको क्याराभान र उपासनाको आलोक गरी पाँचवटा खण्डमा प्रस्तुत गरिएको छ । जसमध्ये प्रणयको प्यासन शीर्षकको खण्डमा अठारवटा कविताहरू, प्रमुदित प्रकृति शीर्षकको खण्डमा चौधवटा कविताहरू, अभीप्साको उद्बोधन शीर्षकको खण्डमा नौवटा कविताहरू, स्मृतिको क्याराभान शीर्षकको खण्डमा सातवटा कविताहरू र उपासनाको आलोक शीर्षकको खण्डमा बाह्रवटा कविताहरू समेटिएका छन् । यी कविताहरूमध्ये पनि मूलतः प्रणयको प्यासन र प्रमुदित प्रकृति शीर्षकका खण्डमा रहेका कविताहरूमा प्रेमप्रणयको भाव पाइन्छ ।

प्रिय मौनता कविता संग्रहलाई कविले उपासना कविता नाम दिएका छन् । उपासना कवितालाई चिनाउने क्रममा कवि एटमले "उपासना कविता परम्परा र प्रयोग, समानता र अग्रगमनको द्वैतता रहेको नाटकीय एकालाप हो । अतः यो कविता र नाटकको सङ्कर रुप हो । यसमा एकातिर नाटकको एकालाप रहन्छ अनि अर्कोतिर विषयको आत्मपरक गुम्फन भएकाले काव्यिक रुप दिने सामञ्जस्य पनि त्यसमा सिर्जना हुन्छ "(२०७७,पृ.१०६) । यस संग्रहमा रहेका कविताहरू विविध विषयसँग सम्बन्धित छन् । सामाजिक न्याय, जीवन भोगाइका विसङ्गतिहरू, मानव मनका आवेग र कुण्ठा, मानव सभ्यताका ऐतिहासिक सन्दर्भहरू, प्राकृतिक सौन्दर्य लगायतलाई विषयका रुपमा प्रस्तुत गर्ने क्रममा प्रेमप्रणयका प्रसङ्गहरूलाई पनि महत्त्वपूर्ण र कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

**५. प्रिय मौनता काव्यकृतिमा शृङ्गारिकता**

यस संग्रहका विभिन्न खण्डमा संग्रहित कविताहरूमध्ये मूलतः पहिलो र दोस्रो खण्डमा आएका प्रणयको प्यासन र प्रमुदित प्रकृति मूलशीर्षकका कतिपय कविताहरूमा प्रेमप्रणयका विषयका अतिरिक्त शृङ्गारिक भाव अभिव्यक्त भएको छ । यसरी शृङ्गारिक भाव अभिव्यक्त हुने क्रममा सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार दुवैको प्रयोग भेटिन्छ । सम्भोग शृङ्गारको प्रयोग यसरी भएको छ:

गालामा इन्द्रेनीजस्तो मुस्कान समेटेर
मेला भर्नलाई
हातेमालो गर्दै लस्कर लागेर हेर्दै छन्
झ्यालबाट उत्सव दीपहरू
कति मस्ती छ है सुप्रिता !
तिम्रो स्नेहले लिपेको आकाशजस्तो फराकिलो आँगनमा बसेर
निर्बाध प्रणयको बिस्कुन सुकाउनुमा....(एटम, २०७७,पृ.८)

त्यसैगरी विप्रलम्भ शृङ्गार रसको प्रयोग यसरी भएको छ:

बिती जन्छ समय त त्यसै त्यसै
तिम्रो पर्खाइको तिर्खामा मात्र पनि
कसै कसै छिचोली हिँडेथ्यौँ हामी
तटस्थताका राजमार्गहरू (एटम,२०७७,पृ.९) ।

यस संग्रहभित्र रहेका शृङ्गारिक कविताहरूमा शृङ्गार अभिव्यक्त हुन आवश्यक पर्ने रससामग्री (विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभाव) को कलात्मक उपस्थिति भेटिन्छ । यसमा नायकका रुपमा प्रस्तुत भएको कवि वा मपात्रले नायिका वा प्रेमिकालाई सम्बोधन गर्नै क्रममा आएका शिरिषा, सपना, प्रेमिता, सबी, सौम्यता, सुप्रिता, सखी, वृक्षवती, कुसुम, पवना, दिव्यता जस्ता पात्रहरू प्रत्यक्ष र प्रतीकात्मक रुपमा आलम्वन विभावका रुपमा आएका छन् । त्यसैगरी विभिन्न प्राकृतिक स्थलका साथै अफ्नै मनमुटुलाई पनि उद्दीपन विभावका रुपमा प्रयोग गरिएको छ । यसक्रममा सुनसान रातमा पनि झङझङ गरिरहने खोलाजस्तो मेरो हृदय (एटम,२०७७,पृ.२), मौनताका मिर्मिरे बिहान अनि छिमल्न थाल्ने छ अन्धकारका हाँगाहरू( एटम,२०७७,पृ.७), ताराहरूको मिठो बगाइले ठिङ्ग उभिएका चञ्चल खहरेजस्ता मौनताको सङ्घार (एटम,२०७७,पृ.१०), त्यही किम्बुको बोटमुनि......सल्लाको रुखको टुप्पाबाट (एटम,२०७७,पृ.१४), प्रिय पवना ! कसरी बिताउँछयौ हँ यति हिउँदको तुसारोको साम्राज्यमा एक्लै ? (एटम,२०७७,पृ.३३), माघे तुसारोको न्यानो दोसल्ला ओढेर उभिएकी छ्यौ निश्चल (एटम,२०७७,पृ.३६) लगायतका उद्दीपन विभावहरू पाइन्छन् जसले रतिकामको भावलाई उत्कृष्ट किसिमले अभिव्यक्त गरेर शृङ्गार रसलाई परिपाकमा पुर्याउन मद्दत गरेका छन् ।

कामकलाका विविध क्रियाकलापहरूको प्रस्तुतीकरण कलात्मक रुपमा अभिव्यक्त भएको छ । यसक्रममा शृङ्गार रसका लागि आवश्यक पर्ने अनुभावको मिठो अभिव्यक्ति कतिपय कविताहरूमा भएको छ । झरी परिरहने छ एकान्तमा बोलिरहने यी आँखाबाट (एटम,२०७७,पृ.१), गहिरो पीडामा पनि मुस्कुराउन प्रयासरत सुकेका ओठ, बग्न नसकेर परेलीको डिलसम्म भरिएको आँशुले (एटम,२०७७,पृ.१२), भइरहे पनि हुने नि औँलाहरूमा केही न केही कोमल कौतुहल तिमीसित हिँड्दा त....(एटम,२०७७,पृ.१५), उष्णतायुक्त तिनको श्वासले, फूलको थुँगाजस्तो कोमल प्रहार सहँदै अधरमा, आहा ! असारतिर तानिँदै र बेहोसिँदै, चुम्बिनुको रसिलो उत्सुकता (एटम,२०७७,पृ.३०), टाढै बस यार, यसरी सिमाना पार गरेर, छोइदियौ भने त तिमीले,पग्लिने छ मेरो सर्वस्व र चिसो बनाएर जाने छ तिम्रो अस्तित्वलाई (एटम,२०७७,पृ.३१), सर्वाङ्ग नाङ्गी र तापिरहेकी छयौ मस्तले चिसो घाम, लेप लगाँर आँखाभरिभरि......नयाँ ऋतुबाट पुनः प्राप्त कौमार्यका कारण कमनीय तिम्रो शरीर (एटम,२०७७,पृ.३६), आऊ र बर्ष ए ! आषाढको पहिलो दिनको बादल ! निर्धक्क ममाथि छोपिएको धुलोमा । .........आऊ ! अङ्कमाल गर मेरो शरीरलाई, आफ्ना स्नेहसिक्त बाहुहरूले, छोडिदेऊ एउटा मिठो, गहिरो र रोमाञ्चक चुम्बन, मेरो ओठमाथि (एटम,२०७७,पृ.३७), निचोरेर फुस्रा पठारका मरुयुक्त

कापहरूमा, छोड्दै गतिशील अर्थका अनेकौँ आयामहरू, हावाको विपरति दिशामा बगिरहेछ, आवरणमा मुस्कानको चिसो नदी (एटम,२०७७,पृ.४१) जस्ता अनुभावका कायिक, वाचिक, सात्विक र आहार्यसँग सम्बन्धित क्रियाकलापहरूले कामकला, प्रेमाकर्षण र समागमका विभिन्न प्रसङ्गहरूको प्रस्तुतिका साथ शृङ्गार रसको उत्कृष्ट अभिव्यक्ति पाइन्छ ।

शृङ्गार रसलाई परिपाकमा पुर्याउनका लागि सञ्चारीभावको समेत महत्त्वपूर्ण भूमिका हुन्छ । कामाशक्ति र रतिरागको अभिव्यक्तिलाई स्वभाविक र कलात्मक बनाउनका लागि पनि सञ्चारीभाव आवश्यक छ । यस संग्रहका प्रेमाकर्षण र रतिरागसँग सम्बन्धित कविताहरूमा सञ्चारीभावको कलात्मक प्रयोग छ । मैले त वेदनाको मसीले, आफ्नै जिन्दगीका पत्रहरूमा लेखेको थिएँ, तिमीसितका प्रेमिल पलहरूलाई (एटम,२०७७,पृ.२४), उष्णतायुक्त तिनको श्वासले गरेको, फूलको थुँगाजस्तो कोमल प्रहार सहँदै अधरमा (एटम,२०७७,पृ.३०), टाढै बस यार, यसरी सिमाना पार गरेर, छोइदियौ भने तिमीले, पग्लिने छ मेरो सर्वस्व (एटम,२०७७,पृ.३१) जस्ता प्रसङ्गहरूसहितका सञ्चारीभावका माध्यमबाट शृङ्गारिकताको उत्कृष्टता कायम भएको छ ।

**६. प्रिय मौनता काव्यकृतिमा काम र मनको सिद्धान्त**

वात्स्यायनको कामसूत्रले काम र मनको सम्बन्धलाई निकै महत्व दिएको छ । त्रिवर्ग अर्थात् धर्म, अर्थ र काम मध्ये वुद्धिसँग, अर्थ शरीरसँग र काम मनसँग सम्बन्धित हुने भन्दै मनको मुख्य अभीष्ट आनन्दप्राप्ति रहेको र सोका लागि प्रमुख कुरा कामसुख अर्थात् यौन सन्तुष्टि रहेको कुरालाई स्पष्ट पारिएको छ । त्यसकारण कामसूत्रले मनको आनन्द प्राप्तिको प्रमुख स्रोत कामसुखलाई उल्लेख गर्दै मन र कामका बीचको सम्बन्धलाई घनिष्ट रुपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत प्रिय मौनता काव्यकृतिका सुरुवातका दुई खण्डमा रहेका अधिकांश कविताहरू रतिरागात्मक विषयसँग सम्बन्धित रहेकाले तिनमा काम र मनबीचको सम्बन्ध पनि महत्त्वका साथ प्रस्तुत भएको छ । मनको आनन्दका लागि कामसुखको महत्त्वलाई देखाउँदै प्रेमको महिमालाई वर्णन गरिएको छ । आऊ ! अङ्कमाल गर मेरो शरीरलाई, आफ्ना स्नेहसिक्त बाहुहरूले, छोडिदेऊ एउटा मिठो, गहिरो र रोमाञ्चक चुम्बन, मेरा ओठमाथि.......आफ्नै सङ्कीर्णताको आवरण च्यातेर, तिम्रो स्पर्शले बिउँझिन सकूँ म ! (एटम,२०७७,पृ.३७), यो वासन्ती बिहानमा, लस्त छुम, यी सब सबबाट बेखबर, तिम्रा यादहरूको कठघरामा (एटम,२०७७,पृ.२९), प्रिय गुलाफ ! नाघेर कलात्मक गमलाको साँघुरो घेरा, आऊ सादगी हृदयमा खुल्ला फुल्न (एटम,२०७७,पृ.२१) लगायतका प्रेमपरक प्रसङ्गहरूमा काम अर्थात रतिराग र मनबीचको सम्बन्धलाई लालित्यपूर्ण रुपमा अभिव्यक्त गरिएको छ ।

**७. निष्कर्ष**

कामसूत्रमा यौनकलासँग सम्बन्धित विभिन्न सन्दर्भहरू प्रस्तुत गर्ने क्रममा शृङ्गारिकता र काम एवम् मनको सन्दर्भ पनि प्राथमिकताका साथ प्रस्तुत भएको छ, जुन साहित्य विश्लेषणका आधार बन्छन् । शृङ्गार रस अन्तर्गत आउने रससामग्रीहरू प्राक्क्रिया, चौसठ्ठीकला, चुम्बन प्रक्रिया, आलिङ्गन प्रक्रिया, यौनासन, दूतकर्म, रत्यावस्था लगायतका रुपमा कामसूत्रमा आएका छन् । त्यसैगरी त्रिवर्गअन्तर्गत कामका बारे विशद् चर्चा गर्दै काम र मनको घनिष्ट सम्बन्धलाई व्याख्या गर्ने क्रममा काम र मनको सिद्धान्त प्रस्तुत भएको छ । यस सिद्धान्तअनुसार जीवनमा सुख वा आनन्द मनसँग सम्बन्धित हुन्छ । मनको आनन्दप्राप्तिको मुख्य स्रोत काम वा वासनात्मक आनन्द हो भन्ने रहेको छ ।

कामसूत्रको साहित्यिक सिद्धान्तका आधारमा यस प्रिय मौनता कविता संग्रहको विश्लेषण गर्दा यसमा शृङ्गारिकता र काम एवम् मनको सिद्धान्तको प्रभाव भेटिन्छ । शृङ्गारिकता अन्तर्गत 'म' पात्र वा कविलगायत लाक्षणिक, प्रतीकात्मक र प्रत्यक्ष रुपमा आएका प्रेमिकाजस्ता विभावको प्रयोग, 'म' पात्रको रतिराग, प्रेम र यौनको अभिव्यक्तिका साथै कवि मनले प्रत्यक्ष र प्रतीकात्मक रुपमा व्यक्त गरेका प्रेमिल हाउभाउहरूजस्ता अनुभाव, विभिन्न प्रकृतिका व्यभिचारीभावको प्रयोग, पात्र र पाठकमा समेत उत्पन्न हुने रति भावना, 'म' पात्र प्रेमिकासँग नजिक हुन नपाउँदा र प्रेमसुख नपाउँदा उत्पन्न विप्रलम्व शृङ्गार लगायतको सन्दर्भमार्फत् यस काव्यकृतिका कतिपय कवितामा कामसूत्रको प्रभाव भेटिन्छ । कवि कल्पनाका क्रममा प्रेमिकासँगको मिलनबाट उत्पन्न आनन्दको अनुभव, प्रेमको दीर्घ अभिलाशाले ल्याएको मिठास, वियोगको कल्पनाले नै उत्पन्न पीडा लगायतका सन्दर्भमा यस काव्यकृतिका कवितामा

कामसूत्रको काम एवम् मनको सिद्धान्तको प्रभाव पनि भेटिन्छ । त्यसकारण प्रस्तुत प्रिय मौनता कविता संग्रहका पाँच खण्डमध्ये अघिल्लो दुई खण्डका रुपमा आएका प्रणयको प्यासन र प्रमुदित प्रकृति खण्डमा रहेका धेरैजसो कविताहरूमा वात्स्यायनको कामसूत्रको प्रभाव रहेको छ ।

**८. सन्दर्भसामग्री**

उपाध्याय, डा. केशवप्रसाद. (२०५५). पूर्वीय साहित्य सिद्धान्त (तेस्रो संस्करण. ललितपुर): साझा प्रकाशन ।

एटम, नेत्र. (२०७७). प्रिय मौनता(उपासना कविता). काठमाडौं: शिखा बुक्स ।

गडतौला, डा. नारायणप्रसाद. (२०७७) पूर्वीय काव्यशास्त्रको प्रायोगिक पद्धति. काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान ।

ढकाल, रजनी. (२०७०). प्रायोगिक समालोचना: अनेक रुप. ललितपुर: साझा प्रकाशन ।

पौडेल, विष्णुप्रसाद. (२०५७). संस्कृत काव्यशास्त्र. काठमाडौं: भुँडीपुराण प्रकाशन ।

बन्धु, चुडामणि. (२०५२). अनुसन्धान प्रतिवेदन लेखन. काठमाण्डौं: रत्न पुस्तक भण्डार ।

भण्डारी, कृष्णप्रसाद. (२०५६). फायड र मनोविश्लेषण. ललितपुर: साझा प्रकाशन ।

विश्वनाथ. (सन् १९८२). साहित्यदर्पण विमल व्यख्यासहित (नवम् संस्करण). दिल्ली: मोतीलाल वनारसीदास ।

शर्मा, उर्मिला. (२०७२). विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा वात्स्यायनसूत्रको प्रभाव. अप्रकाशित विध्यावारिधी शोधपत्र. नेपाल संस्कृत विश्वविध्यालय. दाङ ।

रेग्मी, मुरारीप्रसाद. (२०५०). मनोविश्लेषणात्मक समालोचना (उपन्यास खण्ड). ललितपुर: साझा प्रकाशन ।

शास्त्री, डा. आचार्य रामचन्द. (२०७२). वात्स्यायनका कामसूत्र. दिल्ली: मनोज पब्लिकेशन ।

शास्त्री, श्रीदेवदत्त. (२०७५). कामसूत्र जयमङ्गला टीकासहित. वाराणसी: चौखम्भा संस्कृत संस्थान ।

त्रिपाठी, डा. वासुदेव. (२०५८). पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग–१ (पाँचौं संस्करण). ललितपुर: साझा प्रकाशन ।